नेपाल सरकार

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

**प्रदेश प्रमुख**
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## नयाँ बर्ष, २०८३ को शुभकामना सन्देश

नयाँ बर्ष, २०८३ आरम्भको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशवासी एवम् सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाईहरुमा सुख, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नयाँ बर्षको पहिलो दिन वैशाख १ गतेको आगमन सँगै विगतमा भएका कमीकमजोरी सुधार गर्दै जीवनमा नवीन योजनाहरु तय गर्ने र आगामी दिनमा असल र राम्रो कामको लागि प्रतिज्ञा गर्दै सुमार्गमा हिड्न प्रेरणा सहित अघि बढ्ने पर्वको रुपमा नयाँ वर्षलाई लिईन्छ। देशव्यापी रुपमा खुशी र हर्षोल्लासपुर्वक मनाईने यो पर्वलाई सुदूरपश्चिम प्रदेशमा विशु पर्वको रुपमा समेत मनाईने गरिन्छ। नयाँ वर्षको अवसरमा टाढा टाढा रहेका घरपरिवार, साथीभाई र आफन्तजनहरु भेला भई रमाउने र खुसियाली साँटासाँट गर्ने, नयाँ नयाँ ठाउमा घुमघाम सहित जीवनमा नयाँ कामको सुरुवात गर्ने प्रचलन रहेको छ।

अन्त्यमा, नयाँ वर्ष, २०८३ ले सबै नेपालीहरुबिच सामाजिक सदभाव, सहिष्णुता एवम् राष्ट्रिय एकता अक्षुण्ण राख्न सघाउ पुन्याउदै विभिन्न मौलिक संस्कृति तथा परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुगाउनुका साथै एक आपसमा प्रेम, सदभाव् र आत्मियता अभिबृद्धि गर्दै जाओस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!

२०८३ वैशाख १ गते मंगलवार

नजिर मियाँ
प्रदेश प्रमुख

**नजिर मियाँ**
**प्रदेश प्रमुख**